शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं

# सम्पत्ति तथा मालसामानको लिलाम बढाबढको सूचना

**सूचना नं.: MOEST/INTM/लिलाम-१/०८२/८३**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/१४**

मिति २०८२/०५/२३ र २४ गतेको Gen- Z समूहको आन्दोलनबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा भएको आगजनीबाट जलेर नष्ट भई अवशेषको रुपमा रहेका फलामका एवं स्टिल लगायतका पत्रु सामानहरु तथा तोडफोडबाट भएको मेशिनरी तथा फर्निचरका सामानहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले तीन दिनभित्र (मिति २०८२/०८/१७) लिलाम बिक्रीको लागि कायम मूल्यको न्यूनतम मूल्यको पाँच प्रतिशतले हुने रु. १९५५/०० नगद धरौटी सहित निवेदन दिनुहुन यो लिलाम बढाबढ आह्वान गरिएको छ ।

१. लिलाम विक्री गर्ने मालसामानहरुको विवरण

| क्र.सं. | सामानको प्रकार | परिमाण (के.जी.) | लिलाम बढाबढ हुने न्यूनतम मूल्य | कैफियत |
|---|---|---|---|---|
| १ | फलाम | १२१६.५ | ३६४९५/०० | |
| २ | कम्प्युटर, मनिटर, सि पी यु, प्रिन्टर लगायतका मेशिनरी सामानहरु | ११७ | २३४०/०० | |
| ३ | कचरा | ८४.४५ | २५३/३५ | |
| | | जम्मा मूल्य | ३९०८८/३५ | |

२. लिलाम बढाबढ हुने स्थान, मिति र समय

(क) स्थानः आन्तरिक व्यवस्थापन शाखा, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

(ख) मितिः २०८२/०८/१७ (ग) समयः दिनको १२:०० बजे

३. लिलाम बढाढ यस मन्त्रालयले तोकेको न्यूनतम लिलाम बिक्री मूल्यबाटै सुरु हुनेछ ।

४. लिलाम सकार गर्न डाँक बोल्नु अघि नै न्यूनतम मूल्य रु. ३९०८८/३५ को ५% ले रु. १९५५/०० नगद धरौटी राख्नुपर्नेछ ।

५. प्रत्येक पटक डाँक बोल्न चाहने व्यक्तिबाट डाँक बढ्दै गएमा सोही अनुपातमा थप मूल्यको पाँच प्रतिशतले हुने गरी नगद धरौटी बुझाउँदै जानु पर्नेछ ।

६. लिलाम बढाबढ हुने मालसामानहरु हेर्न चाहने व्यक्ति वा संस्थाले कार्यालय समयभित्र आन्तरिक व्यवस्थापन शाखामा सम्पर्क गरी हेर्न सकिनेछ ।

७. लिलाम सकार गरेको सामान लिलाम सम्झौता भएको ३ (तीन) दिनभित्र उठाई लैजानु पर्नेछ ।

८. लिलाम बढाबढ हुने दिन सार्वजनिक विदा पर्न गएमा सो लगत्तै खुलेको अर्को दिनमा तोकिएको स्थान र समयमा लिलाम बढाबढ हुनेछ ।